## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८०/०१/२५

**भाग-२**

**उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०**

**जैमिनी नगरपालिका**

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

# उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०१/२५**

**प्रस्तावना:**

नेपालको संबिधानद्वारा प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को व्यवस्थालाई कार्यान्वयन गर्न जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने, ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगर कार्यपालिकाले उद्यमी **अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०** जारी गरेको छ।

## परिच्छेद: एक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो मापदण्डको नाम **उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०** रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा ,

(क) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्नेछ।

(ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको कार्यपालिका सम्झनु पर्नेछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ।

(घ) "शिक्षा शाखाको प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुखको रुपमा कार्यरत उप सचिव नगर शिक्षा अधिकारी सम्झनु पर्नेछ।

(ङ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा तथा संरक्षक सम्झनु पर्नेछ।

(च) "उद्यमी" भन्नाले व्यक्तिले अंगालेको मौलिक पेसा व्यवसाय तथा आय आर्जनको माध्यमलाई सम्झनु पर्नेछ।

(छ) "प्रोत्साहन" भन्नाले जैमिनी नगरपालिकाले उत्कृष्ट उद्यमीलाई प्रदान गरेको पुरस्कार सम्झनु पर्नेछ।

(ज) "माध्यमिक विद्यालय" भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई संचालनमा रहेका अनुमति वा स्वीकृति प्राप्त (९-१२ तह सञ्चालित) विद्यालयलाई सम्झनु पर्नेछ।

(झ) "शिक्षा अधिकृत" भन्नाले जैमिनी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत अधिकृत कर्मचारीलाई सम्झनु पर्नेछ।

(ञ) "शिक्षा शाखा" भन्नाले जैमिनी नगरपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्नेछ।

**३. उद्देश्यहरु:**

क) अभिभावकहरुलाई उद्यम तर्फ आकर्षित गर्ने।

ख) विद्यार्थीको पठनपाठनमा अभिभावकको आर्थिक सहयोग मजबुत बनाउने।

ग) मौलिक पेसा व्यवसायलाई प्रवर्द्धन गर्दै सबै अभिभावकलाई आफ्नो वालवालिकाको शिक्षामा लगानी गर्ने क्षमता विकास गर्ने।

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

घ) अभिभावकको पेसा व्यवसायको सम्मान तथा प्रतिस्पर्धी बनाउने।
ङ) अन्य पेसा वा व्यवसायमा थप प्रेरणा प्रदान गर्ने।
च) सबै पेशा, व्यवसाय वा उद्यमलाई सम्मानित बनाउने।

## परिच्छेदः दुई

### ४. कार्यक्रम सञ्चालन प्रकृया

क) यस नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरुका उद्यमी अभिभावकबाट आवेदन माग गरिनेछ।
ख) ईच्छुक उद्यमीले तोकिएको म्यादभित्र अनुसुची १ को ढाचाँमा कार्यालयले तोकेको स्थानमा आवेदन दिनुपर्नेछ। सो कार्यक्रममा सम्मिलित हुन चाहने उद्यमी अभिभावकले दफा ५ बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।
ग) विद्यालयमा प्राप्त आवेदनहरुलाई मूल्याङ्कन समितिले मूल्याङ्कन तथा प्रमाणीकरण गर्नेछ।
ङ) माध्यमिक विद्यालयमा छनौट भएका उद्यमीहरुबीचमा समबन्धित वडामा अनुसूची २ बमोजिमको ढाँचामा प्रतिस्पर्धा हुनेछ।
च) तोकिएको मापदण्ड पुरा गरी उत्कृष्ट ठहरिएका प्रति माध्यमिक विद्यालयबाट २ जनालाई कार्यक्रम व्यबस्थापन समितिले पुरस्कार र प्रमाणपत्रको व्यवस्था गर्नेछ।
ज) कार्यक्रम व्यवस्थापन समितिले उत्कृष्ट उद्यमीहरुलाई रु. ७०००।– नगद राशी र प्रमाणपत्र प्रदान गर्नेछ।

### ५. उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रमको मापदण्ड

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रमको मापदण्ड देहाय बमोजिम हुनेछ।

क) यस कार्यक्रमको प्रतिस्पर्धी हुनको लागि विद्यार्थीको अभिभावक नै हुनुपर्नेछ र सो सम्बन्धी रेकर्ड विद्यालयबाट समेत प्रमाणित भएको हुनुपर्नेछ।
ख) आवेदन दिने व्यक्ति उद्यमी हो भन्ने प्रमाणित सम्बन्धित वडाबाट भएको हुनुपर्नेछ।
ग) उद्यम सञ्चालन गरेको २ वर्ष पुरा भएको र निरन्तर संचालनमा रहेको हुनुपर्नेछ।
घ) विद्यार्थीको पठनपाठनमा उद्यमले सहयोग पुगेको हुनुपर्नेछ।
ङ) मौलिक उद्यम र आयआर्जनलाई प्राथामिकताका साथ हेरिनेछ।
च) सञ्चालित उद्यमको उत्पादित वस्तु सहित वा रहित प्रर्दशनी र व्याख्या गर्नुपर्नेछ।
छ) उत्पादित वस्तु, सिप र कलाको अनुगमन समेतका आधारमा छनौट गरिनेछ।

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

## परिच्छेदः तीन

**६. मूल्याङ्कन समिति सम्बन्धी व्यवस्थाः**

६.१ कार्यक्रम सञ्चालन गर्नको लागि पेश भएका आवेदनहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मुल्याङ्कन समिति गठन हुनेछ ।

| | |
|---|---|
| १. सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| २. सम्बन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष | सदस्य |
| ३. विषय विज्ञहरु मध्यवाट वडा अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |
| ४. सम्बन्धित वडाको कृषि /पशु प्राविधिक १ जना | सदस्य |
| ५. सम्बन्धित विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

६.२ मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

६.३ मूल्याङ्कन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उद्यमी प्रोत्साहन कार्यक्रममा सहभागी हुन पेश भएका निवेदनहरुको अनुसुची ३ अनुसार मूल्याङ्कन गर्ने ।

ख) स्वीकृत भएका आवेदनको आवश्यकताका आधारमा स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्ने एवम् प्रदर्शन र पुरस्कार वितरणको व्यवस्था मिलाउने ।

७. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः

कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ । अनुगमन सुपरीवेक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतले आवश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गर्नेछ ।

८. बाधा अड्काउ सम्बन्धि व्यवस्थाः

क) यो मापदण्ड कार्यान्वयनको क्रममा बाधा अड्काउ पर्न आएमा नगरपालिकाले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

९. मापदण्डमा संशोधन

क) यस मापदण्डमा नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

अनुसुची १

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रममा सम्बन्धित अभिभावकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः२०८०।....।...

श्री प्रधानाध्यापक ज्यू,
 ………………………….. विद्यालय
जैमिनी नगरपालिका, ……………………… बागलुङ ।

विषयः उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा जैमिनी नगरपालिका कार्यालयको मिति............................ गते प्रकाशन गरिएको सुचना अनुसार श्री....………………………………….. विद्यालयको अभिभावक म श्री......................................... ले उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रममा सहभागी हुन इच्छुक रहेकोले तपशिल अनुसारका कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपशिलः

१. अनुसुची १ बमोजिमको आवेदन पत्र
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. विद्यालयको निर्णय र सिफारिस
४. सम्बन्धित वडाको दुई वर्ष देखि उद्यम संचालन गरेको व्यहोरा खुल्ने सिफारिस

निवेदकको नाम थरः
ठेगानाः
सम्पर्क नः
सम्बन्धित विद्यालयको नामः
विद्यार्थीको नामथरः
हस्ताक्षरः

विद्यालयको छापः
प्र.अ.को हस्ताक्षरः

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

## अनुसुची २

### कार्यक्रम सञ्चालनको लागि छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | आवेदकको नाम | उद्यमको प्रकृति (३०) | आयआर्जन तथा उत्पादन (३०) | लगनशिलता र विद्यार्थीको पढाइमा पुगेको योगदान (२५) | प्रदर्शनी तथा प्रस्तुती (१५) | जम्मा (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोटः** १. मौलिक, परम्परागत तथा स्वावलम्वी र हस्तान्तरणीय प्रकृतिको उद्यमलाई ३० र कृषि लगायत व्यापार तथा अन्यको हकमा २० अंक प्रदान गरिनेछ।

२. मासिक रु. २० हजार भन्दा बढी आम्दानी गर्नेलाई ३० अंक र न्यूनतम मासिक रु. ८०००।- आम्दानी गर्नेलाई २० अंक प्रदान गरिनेछ।

३. जेहेन्दार (६०% वा B ग्रेड भन्दा बढी अंक प्राप्त गरेको विद्यार्थी) विद्यार्थीको अभिभावक भएमा २५ अंक र अन्यको हकमा २० अंक प्रदान गरिनेछ।

४. प्रदर्शनी र प्रस्तुतीको १५ अंक मूल्याङ्कन समितिले विभाजन गरे बमोजिम हुनेछ।

**मूल्याङ्कन समितिका पदाधिकारीहरुको**

क्र.सं. नाम थर पद दस्तखत

१.

२.

३.

४.

५.

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०

## अनुसुची ३

### नगरपालिकामा पठाउने छनौट भएका उद्यमी अभिभावक विवरण फाराम

१. उद्यमी अभिभावकको नामः.................................................................

२. ठेगानाः...........................................................................................

३. बाबुको नामः....................................................................................

४. आमाको नामः...................................................................................

५. श्रीमान/श्रीमतीको नामः.......................................................................

३.पेशाः..............................सञ्चालन मितिः..........................................

४.नागरिता नः..............................जिल्लाः.................जारी मितिः..........

५.वालवालिका पढ्ने विद्यालयको नामः...................................................

६. अध्ययनरत विद्यार्थीहरुको सङ्ख्याः..................................................

७. पढ्ने विद्यार्थीको नामः............................ ..........................................

८. विद्यार्थीको नतिजा प्रतिशतमाः क्रमशः..................................................

९. अनुमानित मासिक आयः...................................................................

१०. उद्यममा कार्यरत जनशक्तिको सङख्याः...........................................

११. उत्पादित मुख्य वस्तुहरुः..................................................................

सिफारिस गर्नेः

प्र.अ.को नामथरः

हस्ताक्षरः

विद्यालयः

मितिः

विद्यालयको छाप:

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८०